# मस्यौदा भू-उपयोग विधेयक २०७३ सम्बन्धी छलफल तथा पृष्ठपोषण कार्यक्रम

असार ८, २०७३ (२२ जुन, २०१६)




CSRC
आत्मनिर्भर केन्द्र

<u>आयोजक</u>

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

<u>स्थान</u>

**लाजिम्पाट काठमाडौं**

# भू-उपयोग सम्बन्धी बहस सृङ्खला

**८ असार, २०७३**

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले भू-उपयोग ऐनको मस्यौदा बनाइरहेको छ । यो ऐन व्यवहारिक बन्न सक्यो भने नेपालको दिगो विकास र समृद्धिको जगको काम गर्न सक्छ । प्रमुख स्रोत भूमिको उद्देश्यमुखी उपयोग र भूमिमा जीविका अडेको तर त्यसको अधिकारबाट वञ्चितहरूको न्यायसमेत स्थापित गर्न यो ऐनले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यस विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले नियमित छलफल चलाउँदै आएको छ । २२ जुन, २०१६ मा भएको छलफलमा विभिन्न महानुभावहरूले प्रस्तुत गर्नु भएको सुझाव र विचारलाई यो प्रतिवेदनमा जस्ताको तस्तै उतारिएको छ ।

## यमुना घले, भूमि तथा कृषि विज्ञ



विधेयकले हाल प्रयोग भइरहेको भूमिलाई मात्र समेट्न खोजेको छ । प्रयोगमा ल्याउनुपर्ने र भू-विकासको विषय पुरै छुटेको छ ।

प्रस्तावना अझै प्राविधिक भयो । संरचनात्मक विषयलाई समेट्न सकेन् । सामाजिक न्यायका कुराहरू गरेन । अरु पक्षहरू जस्तैः वर्गिय सवालहरू, विश्व व्यापिकरण, बजारीकरणले भूमिमा ल्याएको चुनौतीहरू छन् । यिनीहरूको परिदृश्य नै आएन । यसलाई समेट्नु पर्छ भन्ने मेरो प्रस्तावना छ ।

यो दबाव (इन्फोर्समेन्ट) को हिसावले पनि कमजोर भयो । ऐन बनाइयो तर कार्यान्वयन भएन भने के अर्थ ? कुनै कारणले ऐनमा भएका कुरा लागु भएन भने क्षतिपूर्तिका कुराहरू हुनु पर्यो । जस्तैः बसोबास क्षेत्रका नागरिकलाई उठिबास नगराउने, गराइएमा क्षतिपूर्ति गराउनेले तिर्नुपर्ने ।

सङ्गठन त आयो तर त्यो सङ्गठनको अधिकारको दायरा के हो ? क्षमता र स्रोतहरू कसरी व्यवस्थापन हुन्छ ? प्रष्ट भएन । सङ्गठनले भनेको अरु क्षेत्रगत निकायले टेर्छ की टेर्दैन ? पेज ७ मा १२.२ नम्बरमा ब्यक्तिको जमिनको कुरा गरियो । १२.३ मा घरघडेरीको कुरा गरियो । मलाई के लाग्यो भने व्यक्तिगत मामिलामा कडा र कम्पनीको हकमा यो विधेयक बढी उदार भएको देखियो ।

शब्दावलीमा हेर्नुपर्ने भनेको केन्द्रको सरकारलाई नेपाल सरकार र तलको सरकारलाई स्थानीय सरकार भन्नु भएन ।

**प्रकाश काफ्ले, परियोजना संयोजक, केयर नेपाल**



भू-उपयोग ऐनको कार्यान्वयन सङ्घ, प्रदेश र स्थानीय सरकारको निर्माणमा भर पर्दछ। यसो हुँदा भू-उपयोगसम्बन्धी कुन निकायले के गर्ने भन्ने स्पष्ट हुनुपर्‍यो। अहिले बनाएको ऐन प्रदेश सरकारले नमान्ने अवस्था आउनु भएन।

गाउँब्लक र खेतीपाती गर्ने क्षेत्र विभाजन गरेको छ। तर यो सबै ठाउँमा एउटै छैन। जस्तैः मधेसतिर गाउँब्लक एउटा निश्चित ठाउँमा छ अनि खेतीपाती अलि पर खुला ठूलो ठाउँमा छ। तर पूर्वीक्षेत्रतिर त्यस्तो छैन, त्यहाँ जहाँ खेत छ त्यही मान्छेको घर छ। र यो दुईवटा बसोबासको तुलना गर्दा सामाजिक आर्थिक स्थिति, स्वास्थ्यको स्थिति तुलना गर्दा, गाउँब्लकमा भन्दा व्यक्तिगत बसेको मान्छेको बढी समृद्धि प्रगती देखिएको छ। यि पक्षलाई पनि ध्यान दिनुपर्दछ। कानुन बनाउँदा नागरिक समाजका पतिनिधिहरूसँग छलफल गर्ने प्रक्रिया एकदम प्रशंशिय लाग्यो।

**प्रलाद थापा, निर्देशक आईसियूएन**



प्रस्तावनामा भू-उपयोगलाई वैज्ञानिक र दिगो बनाउने भनिएको छ। तर विकासलाई दिगो बनाउने भनिएको छैन। हामीले विकासलाई दिगो भन्नुपर्छ किन भने भू-उपयोगमा पूर्वाधार, कृषि विकासको कुरा र अन्य थुप्रै कुराहरू आउँछ र यो सबै विकासको कुराहरू हो। विकास गर्ने क्रममा भू-उपयोगको कुरा गर्दा विकास पनि दिगो होस्। त्यहि भएर प्रस्तावनामा विकासलाई दिगो बनाउने कुरा बढी सान्दर्भिक हुन्छ। यो ऐन महत्वपूर्ण छ र तुरुन्त लागु हुन्छ भन्न किन न मिलेको हो मैले बुझिन्।

वर्गिकरण गर्दा दुईवटा कुरा हामीले फरक दृष्टिले हेर्नुपर्छ। जस्तैः औधोगिक क्षेत्र भनेको व्यवसायिक क्षेत्र होइन कि जस्तो लाग्छ मलाई। त्यही भएर यसलाई परिभाषित गरिदिनुपर्छ र वन तथा नदी, ताल तलाइया, खोलानाला एकै ठाउँमा राख्दा खेरी भोली हामीलाई छुट्याउन गाह्रो हुन्छ र यसमा पुनर्विचार गर्नुपर्छ।

दफा- ६ मा केन्द्र र स्थानीयमा नक्साको कुरा गरिएको छ। भूमिको नक्सा केन्द्रीय र स्थानीयस्तरबाट बनाउदा फरक पर्न जाने हो कि। त्यहि भएर अलि बुझ्ने भाषामा लेख्नुपर्छ।

दफा- ८ मा जमिनको आकारको प्रमाणिकरण गर्ने प्रक्रियालाई सरल गरिदिनुपर्छ ताकि जनताहरूले यसलाई बोझको रूपमा नसोन् ।

दफा- १२ मा हेर्दा कुनै एउटा मान्छेले आफ्नो उद्देश्यअनुसार काम गर्‍यो, आफ्नो जमिन खेती गर्नु भन्दा व्यवसाय गर्नु उचित लाग्यो भने त्यो सम्भावना यसले दिँदैन त्यसले हाम्रो आर्थिक विकास र थप भविष्यको लगानीमा असर पर्छ किन भने जमिन बाँझो राखेर अन्य कुनै व्यवसाय गर्दा स्वामित्वको ग्यारेण्टी दिँदैन त्यही भएर “ल्यान्ड बैंक” को अवधारणा ल्याउनुपर्छ ।

कृषि, भौतिक पूर्वाधार र वन हेर्ने निकायलाई पनि यो ऐन निर्माणको प्रक्रियामा सँगै लैजानु पर्दछ । वर्गिकरणमा नदीको किनारमा यती क्षेत्रको जमिन वफर क्षेत्र हुनुपर्छ भन्ने तोकिनुपर्छ ।

**डा. पिताम्बर शर्मा, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग**



केन्द्रीय तह, संघीय तह, प्राविधिक तह, स्थानीय तहमा जाने होइन, नक्साको कुरा मूर्तरूपमा हुँदैन, यो स्केलमा हुन्छ । केन्द्रले ठूलो स्केलमा नक्सा बनाउने अनि तल्लो तहले सानो स्केलमा नक्सा बनाउने जसमा सानो सानो विवरणहरू राखिन्छ । ऐनमा केन्द्रले, प्रदेशले र स्थानीयले कुन स्केलमा नक्सा बनाउनुपर्छ भन्ने कुरा स्पस्टरूपमा लेखेको हुनुपर्छ ।

वर्गिकरण गर्दा अरु ६/७ वटा देशसँग दाजेर हेर्दा, निर्धारित वर्गिकरण हुन्छ तर हाम्रो र उनीहरूको सन्दर्भ फरक छ, हामी एकदम ग्रामीण सन्दर्भको देश हो । हामीले सहरीकरणको प्रक्रियालाई पनि प्रमाणित गर्दै जान खोज्दै छौ त्यसैले ७ वटा भन्दा ११/१२ वटा वर्गिकरण ठीक छ ।

वन बेग्लै हुनुपर्छ । नेपालको राष्ट्रिय निकुञ्ज र आरक्षण कुन वर्गिकरणभित्र पारिएको भनेर स्पष्ट हुनुपर्छ । हाम्रा संरक्षित क्षेत्रहरू, सम्पदाका क्षेत्रहरू, राष्ट्रिय निकुञ्ज, राष्ट्रिय आरक्षणहरू राष्ट्रिय प्रकृति संरक्षणको निम्ति हामीले तिनीहरूलाई चलाउन पाइदैंन । जहाँको जमिन भए पनि सरकारले चाहे भने अर्कै वर्गमा परिणीत गरिदिन हुन्न । कतिपय सम्पदाहरूलाई सरकारले यो अपरिवर्तनीय हो र परिवर्तन गर्न मिल्दैन भनेर राख्दिनुपर्छ ।

भू-उपयोग कार्यान्वयन गर्ने मामलामा सरकार सक्रिय हुनुपर्छ । यसको लागि अभियान नै बनाउनुपर्छ व्यक्तिले बनाउने होइन । हामीले जनतालाई बोझ दिनु हुन्न ।

ल्यान्ड बैंक कसरी बनाउने ? त्यसको कानुनी आधार के हो ? ल्यान्ड बैंक बनाउनका निम्ति भू-उपयोग ऐनले खेल्ने भूमिका हुन्छ कि हुँदैन ? यदी हुन्छ भने त्यसलाई सहजिकरण कसरी गर्ने ?

जुन जमिन बाँझो छ र कृषियोग्य छ त्यसलाई प्रयोगमा ल्याउनुपर्छ । जो मानिस रोपनी जमिन लिएर बसी रहेको छ त्यो जमिन उसले कि प्रयोग गर्नु पर्‍यो कि प्रयोग गर्ने त्यो बाध्यता सिजना गर्नु पर्‍यो । त्यसका साथ

साथै कुनै पनि स्थानीय तहमा ल्यान्ड बैंक सिर्जना गर्न सक्नु भयो त्यो ल्यान्ड बैंकलाई विभिन्न सामाजिक न्यायको निम्ति, जो गरिब विपन्न छन् तिनलाई भाडामा दिनको निम्ति निश्चित समय अवधि त्यो प्रकारको व्यवस्था यो ऐनमा उल्लेखित हुनुपर्छ ।

यो ऐनले सबै भू-उपयोगलाई एकै प्रकारले हेरिदियो । सहरी भू-उपयोग विशिष्ट किसिमको हुन्छ । एउटा भू-उपयोग र अर्को भू-प्रयोजनको अवधारणा हुन्छ । भू-उपयोग व्यापक तहगत हुन्छ जस्तैः औद्योगिक, व्यवसायिक । भू-उपयोगमा त्यहि व्यवसायिकभित्र पनि कुन किसिमको व्यवसायिक हो जस्तैः ठूलो, सानो, मिश्रितको व्यवसायिक हो । यो कुरालाई विचार गरिएन भने सहरी क्षेत्रको भू-उपयोगलाई तपाईंले नियन्त्रण गर्न सक्नु हुन्न ।

**डा. प्रफुल्लमान प्रधान, यूएन ह्याबिट्याट**

निश्चित आवास क्षेत्र (जुन औद्योगिक र व्यवसायिकसँग संयुक्तरूपमा हेर्न सकिन्छ) भनेर राख्नुपर्ने जरुरी छ । प्रत्येकमा उप क्षेत्रहरू असाध्यै जरुरी छ । आवास क्षेत्रभित्र उपक्षेत्र थुप्रै हुन सक्छ । ७ वटा वर्गिकरणभित्र उपक्षेत्रहरू र त्यो भनेको के हो भनेर स्पष्टता राख्नुपर्छ ।



सबै भन्दा ठूलो चुनौती यो जमिन वर्गिकरणको आधार के हो ? कसैलाई काखा कसैलाई पाखा गर्यो भने कार्यान्वयन हुँदैन । भोली आवासीय क्षेत्रलाई कृषि गरायौं भने राम्रो हुँदैन त्यसैले असाध्यै ध्यान दिनुपर्छ । जबसम्म हामीले पूर्णरुपले सफाइ गर्न सक्दैनौं तबसम्म यो ठूलो चुनौतीको विषय हुन जान्छ ।

तोकिएको अन्य क्षेत्रभन्दा एकदमै स्वतन्त्रता दिए जस्तो हुन्छ । यो के, कती कारणले गर्ने भनेर व्याख्या गर्नुपर्छ

सङ्गठनात्मक संरचनामा परिषद् भनिएको छ, यसमा निजी क्षेत्रको र नागरिक समाजको प्रतिनिधित्व भएन । निर्णय लिँदा सबै सरोकारवालाको प्रतिनिधित्व हुनु पर्‍यो ।

ल्यान्ड बैंकको कुरा गर्दा अहिलेसम्म सबैभन्दा सफल उपकरण भनेको ल्यान्ड पूलिङ हो । भोली ल्यान्ड बैंक निर्माण गर्नलाई यो एउटा उपकरण (औजार) हुन सक्छ ।

**सीता तिवारी, खाद्य अधिकार सवाल प्रमुख, एक्सनएड नेपाल**

सार्वजनिक सांस्कृतिक क्षेत्रलाई एउटै बुँदामा राखिएको छ तर पछाडी परिभाषालाई फरक-फरक गरी राखिएको छ । त्यसैले यो एउटै वर्गमा राख्दा केहि अप्ठ्यारो हुन्छ कि भन्ने मात्र मलाई लागेको ।

सरकारले भू-उपयोग योजना उसलाई चाहे अनुसार परिमार्जन गर्न सक्ने भन्ने खालको त्यस्तो लचकता राख्दा, वर्गिकरण गरिएको जमिनको क्षमताको आधारमा वर्गिकरण गरिएको हुने हुँदा पछि मन लाग्यो भने पुरै बस्ती नै बसाल्न पर्‍यो भने पनि अरु उद्देश्यको लागि वर्गिकरण गरिएको जग्गा । त्यस्तो गर्दा त्यो उपयुक्त हुँदैन, त्यसरी राख्न हुँदैन भन्ने मलाई लाग्छ ।

दफा- ८ को ५ मा नक्सामा त्रुटी मात्र छ यहाँ, त्योभन्दा उपयोगमा त्रुटी हुनुपर्छ (जुन वर्ग हो त्यहि वर्गअनुसार उपयोगमा त्रुटी हुनुपर्छ भनेर लेख्नुपर्छ र सुधारमा त्रुटी हुनुपर्छ ।)



दफा- ८ स्पष्ट छैन । वर्गिकरण गर्दा निरीक्षण नगरिकन कस्तो खालको जमिन हो भनेर वर्गिकरण गर्दा ठीक हुँदैन र पछि आवश्यक परे मात्र क्षेत्र भ्रमण गर्ने भन्ने बुझिन्छ । मलाई त्यसमा स्पष्ट नभए जस्तो भयो । वर्गिकरण गर्दा त्यसको क्षेत्र भ्रमण गरेर मात्र वर्गिकरण गर्नुपर्ने हो ।

दफा- ९ मा अर्को प्रयोजनमा लगाउन पाइने छैन भन्ने छ, प्रयोग भयो भने के हुन्छ ? अर्को वर्गको जमिन प्रयोग भयो भने के हुन्छ भन्ने खालको पनि यहाँ उल्लेख गर्नुपर्छ । कर लाग्ने कुरा लेखिएको छ त्यतिले स्पष्ट हुँदैन मलाई लाग्यो ।

**लजना मानन्धर, कार्यकारी निर्देशक, लुमन्ती**



भू-उपयोग ऐन सहरीकरणको परिदृश्यबाट एकदमै कम हेरिएको जस्तो लाग्यो । एक तिहाई जनसङ्ख्या सहरी भइसक्यो । यहाँ हेर्दा ग्रामीण दृष्टिकोणबाट मात्र ऐन बनाएको महशुस भयो ।

सुकुमबासी जहाँ जहाँ बस्छन् । त्यस्तो ठाउँलाई अव्यवस्थित बसोबासी भन्ने गरिएको छ । तिनीहरू असुरक्षित त हो तर अव्यवस्थित नै हो
त ? कि बस्ती व्यवस्थित नभएकोले अवस्थित शव्द मात्र प्रयोग गरिएको हो । र त्यहिँ ठाउँलाइ पनि व्यवस्थित गर्न मिल्छ भने सार्नु पर्दैन । यदी अव्यवस्थित नै हो भने उनिहरूलाई सुरक्षित ठाउँमा सार्नुपर्छ । अहिलेसम्म कुनै पनि बस्तीलाई राम्रोसँग सारेकै छैन । यसले उठिबासको लागि बाटो खोलिदिएको जस्तो देखियो । सिमान्तकृत वर्गलाई झन् मारमा पर्ने जस्तो देखेँ । त्यसैले यो बुँदामा असहमति जनाउन चाहन्छु ।**हरी गुरुङ,**



**हरी गुरुङ्ग, प्राविधिक संयोजक, हेल्भेटास**

भू-उपयोग ऐनमा बगर क्षेत्र ठोसरूपमा उल्लेख गरिएको छैन । त्यसैले खासै छुट्टिएको अवस्था देखिँदैन । त्यही भएर नदी किनारको क्षेत्र पनि वर्गिकरण हुनुपर्‍यो । जस्तैः बगर क्षेत्र जहाँ जोखिमपूर्ण छ । जुन खेती गर्न न हुने होला । मौसमी खेती गर्ने क्षेत्रलाई ऐनमा पारियो भने सहज हुन्छ ।



**राजाराम छत्कुली, कार्यक्रम संयोजक, युएन ह्याबिट्याट**

भू-उपयोग ऐन होइन, भूमि प्रशासन, जग्गा प्रशासन ऐन बनाउँदै छौँ जस्तो लाग्यो । जनतालाई अझै अप्ठ्यारो पार्ने तिर गयौं कि भन्ने मलाई लागिरहेको छ । यो ऐनको मुख्य सरोकारवालाहरू जुन स्थानीय प्रशासन, स्थानीय सरकार र प्रादेशीक सरकारको केही कुरा त राखियो तर सबै शक्ती जति भूमि सुधार मन्त्रालय र मातहतका निकायहरूलाई केन्द्रित गरेर जग्गा प्रशासनलाई अझै कसिलो बनाउने तिर गएको देखिएको छ । यसमा समाधान होइन अप्ठ्याराहरू धेरै जन्माइरहेको छ कि जस्तो मलाई लागिरहेको छ ।

सबैभन्दा पहिला भू-उपयोग सर्वकालिन हुँदैन, यो एउटा भू-उपयोग योजना र भू-उपयोग जोनिङ म्यापको लाइफ अधिकत्तम ४ देखि ५ वर्ष हो । किनभने हामीले यो अहिले भइरहेको प्रवृत्तिको आधारमा मुल्याङ्कन गरेर त्यसलाई यसमा प्रयोग गर्नुपर्छ भने गरौंला तर जनसाङ्ख्यिकी परिनर्तन आउँछन् अरु विभिन्न किसिमका परिवर्तन आउछन् अथवा अरु आवश्यकताहरूमा परिवर्तन आउछन् भने ४ देखि ५ वर्षमा जसरी भए पनि क्षेत्रगत (जोनिङ) र योजनालाई परिवर्तन गर्नुपर्छ ।

भनिएरअनुसार यसलाई सानो र छरितो बनायौं तर छरितो बनाउँदा अप्ठ्यारा जति छरितोभित्र पार्ने र लचिलोपनाको लागि छुट्टायौ भनेदेखि झन् अप्ठ्यारो होला । जस्तैः आवासीय क्षेत्र भन्नाले मानिसले बासस्थानको लागि प्रयोग गरेका जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा न जोडिएको भएता पनि गोठ, भकारी, तवेला, इनार, धारा, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै लाई जनाउँछ भन्नुभयो, भनेपछि कृषि क्षेत्रमा भएदेखि अब फार्म हाउस पनि बनाउन नपाउने ? गोठ, इनार पनि राख्न नपाउने ? अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने क्यानडा जस्तो मुलुकको भू-उपयोग ऐनमा के हुन्छ भने फार्मको परिभाषाभित्र अथवा कृषियोग्य जमिनभित्र त्यो किसानको परिवार, पाहुना तथा कामदारहरू बस्ने घरहरू बनाउन मिल्छ भनेर लेखेको छ र घडेरीको क्षेत्रफल तोक्नुपर्छ भन्नुहुन्छ तर सहरी क्षेत्रमा घडेरीको क्षेत्रफल तोकिन्छ तर कृषियोग्य भूमि मा क्षेत्रफल लामो हुने भएकोले संसार भरिमा युरोप अमेरिकातिर धनि मान्छेले

फार्म हाउस ठूलो क्षेत्रफलमा बनाउँछन् भने पछि हाम्रो जस्तो मुलुकमा उकालो ओरालो छ खेतबारी टाढा टाढा छन् मल बीउ-विजनदेखि लिएर सबै टाउको अथवा पिठमा बोकेर हिड्नपर्छ त्यस्तो ठाउँमा कुनै ठाउँमा सहर बनाएर मान्छे राख्ने कसरी फार्ममा गएर खेतीपाती गर्छ ? त्यसकारण परिभाषामा त्रुटी छ, ऐनमा त राख्नै हुँदैन किनभने यदि राख्नु भयो भने भोली कहिल्यै पनि तपाईंले परिवर्तन गर्न सक्नु हुन्न व्यवहारिकरूपमा पनि, घरधुरीलाई परिवर्तन गरे पनि व्यवहारमा परिवर्तन गर्न गाह्रो हुन्छ यसले अप्ठ्यारो पार्छ त्यसकारणले यो परिभाषालाई पुर्नविचार गर्नुपर्छ ।

हामीले २/३ वर्ष लगाएर भूमि सुधारसँगै मिलेर अभ्यासहरू गर्‍यौ । त्यसका प्रतिफलहरू कति आयो एकपल्ट हेरिदिनु होला । प्रयोग नगरिएको, दूरुपयोग भएको, प्रयोगमा द्वन्द्वहरू छन् भने त्यसलाई पहिचान गरेर कसरी आरक्षित गर्ने त्यो प्रक्रियामा ध्यान दिनुपर्छ । यी कुरा गर्नको लागि स्थानीय निकायमा बसेर छलफल गरेर बुझिने कुराहरू हुन् । कुन कित्तामा बढी प्रयोग भएको छ अथवा दूरुपयोग भएको छ , द्वन्द्व छ ती कुराहरूमा ध्यान दिएर प्राविधिकरूपमा छलफल गरेर टुङ्ग्याउन पर्ने कुराहरू हो । यसैगरी यो विषयमा केन्द्रबाट लादिनुभन्दा तलबाट आउनुपर्छ र केन्द्रबाट प्राविधिक र नीतिगत नियमन हुनुपर्छ । तर भू-उपयोग स्थानीय निकायबाट नै तोकिनुपर्छ । हाम्रो स्थानीय स्वःशासनमा पनि स्पष्टरूपमा उल्लेख गरिएको छ, स्थानीय निकायको अधिकार क्षेत्र हो त्यो ।

भू-उपयोग तोक्ने र कार्यन्वयन गर्ने र भूमिसम्बन्धी ऐनमा पनि परिच्छेदहरू थियो । ती ऐनहरू हुँदाहुँदै पनि कार्यन्वयन किन हुन सकेको छैन, छरितो बनाएर नहुने रहेछ त्यसकारण अलि स्पष्टरूपमा भन्नुपर्दा व्याख्यात्मक तरिकाले जानु पर्ला । त्यसको लागि भूमि सुधारले पहिला ४० बुदाँको एउटा अभिलेख बनाएको थियो । त्यसमाथि हामीले २, ३ वर्ष सहभागितामुलक परियोजना सञ्चालन गर्‍यौं त्यसको अनुभवको आधारमा ४८ वटा दफाको अभिलेख स्पष्टरूपमा हामीले भूमि सुधारलाई दिएका थियौं, उहाँहरूले हेर्नुभएकै होला ।

न्यायधिकरणको कुरा मात्र गर्ने हो भने भू-उपयोगको मात्र किन गर्ने ? भूमि न्यायधिकरण बनाउने र भूमिसम्बन्धी अन्य द्वन्द्वहरू सबै हेर्ने किसिमको भू-उपयोग न्यायधिकरण गराउनुपर्छ । किनभने अदालतमा जति पनि मुद्दाहरू छन् । ४७.५ प्रतिशत जति त भूमिसँग नै सम्बन्धित छन् हामी कहाँ हुनु भएको न्यायधिशहरूको भूमिसम्बन्धी दक्षता नभएको हुन सक्छ । त्यसकारण समस्या पर्न सक्छ । न्यायधिकरण गर्ने हो भने त्यो कुरालाई पनि विचार गर्नुपर्छ । नियमावलीबाट हुँदैन, न्यायधिकरण बनाउने हो भने ऐनबाट बनाउनु पर्छ र ऐन बनाउँदा खेरी भू-उपयोग र अन्य सबै हेर्ने गरी बनाउनु पर्ला ।

**योगेन्द्र शाही, नेपाल अध्ययन केन्द्र**

यो अलि द्वन्द्वात्मक होला कि भन्ने देखिन्छ । माथिदेखि निर्देशन देखिने खालको भयो । धेरै कुराहरू त्यो बीचमा प्रशासनकै मान्छेहरू बसेर टुङ्ग्याउने भन्दाखेरी नेपालमा अलिकति खराब शासन प्रणाली भएको वा भष्ट्राचार हुने थलो भनेर भूमि चिनिने अब त्यहाँ निर त्यो क्षेत्रलाई अलि फराकिलो बनाउन खोजेको हो कि भन्ने डर मलाई लागिरहेको छ । त्यसोभन्दा त बरु पहिलाको हामीले जसरी लालपुर्जा दिएका थियौं समूहहरू खटाएर, वास्तबमा क्षेत्रमा नै तोक्नुपर्छ किनभने, साधारण मान्छेहरूबाट पनि एक किसिमको विचारहरू आउँछन् र

त्यहाँको धारणा तथा एकमत बुझेर विज्ञहरूले अन्तिमरूपमा लानुपर्छ जस्तो लाग्छ, र कतिपय कुराहरूपछि पनि विकास गर्दै जाने कुराहरू होलान् ।



अर्को, भू-उपयोगसँगै हाम्रो पूँजीको प्रभाव, दलाल पूँजीको प्रभाव र अरु पूँजीहरू आउने सन्दर्भमा नै भूमि अतिक्रमणको सिलसिला पनि बढ्दै जान्छ र भू-उपयोगको प्रक्रियामा ठूलो नियन्त्रण हुन्छ जस्तो लाग्छ । किनभने सामान्यतया मेरो जग्गा कृषिमा छ त्यो १० लाख छ तर तपाईले घडेरीमा रूपान्तरण गर्नका साथै त्यो एक करोडको हुने भएपछि त्यसमा ठूलोरूपमा तलमाथि हुन जान्छ । कतिपय कुराहरू निश्चित रेखाङ्कन समयमा विज्ञहरूको तहबाट अन्तिम रुप दिएर मात्र कुन क्षेत्रमा राख्ने हो ? टुङ्गो लगाउनुपर्छ ।

क्षेत्रहरू कम गर्ने भन्दापनि बढी बनाउँदा फरकपर्छ जस्तो लाग्दैन त्यसलाई थप तथा उप वर्गहरू बनाउन मिल्छ जस्तो लाग्छ ।  किनभने नेपालको भौगोलिक विविधता धेरै भएको हुनाले अन्तको जस्तो ३/४ ओटा विविधता भएको ठाउको जस्तै हुन्छ भन्ने छैन । किनभने नेपाल नै एउटा फरक देश हो भनेपछि त्यो कुरालाई हाम्रो भू-उपयोग नीतिमा प्रस्तुत हुनुपर्छ ।

हाम्रो भूमिको पनि क्यारिङ क्षमता के हो त्यो एउटा हेर्नुपर्ने र वातावरणीय दिगो विकासको हिसाबले पनि कुनै कुनै कुरा सम्बोधन गर्नुपर्छ जस्तै ट्रेकिङ रुटहरू केही संरक्षण गर्ने किनभने त्यो लामो समयको दृष्टिकोणले, जस्तैः राफ्टीङ रुटहरूको संरक्षण गर्ने । सबै ठाउँमा त हामी विकासको कोर्षलाई समेट्न सक्दैनौं तर सम्भावना भएको ठाउँमा हामीले त्यो कुराहरू पनि उल्लेख गरेर जानुपर्ने हो कि जस्तो लाग्छ ।

अर्को कुरा कृषियोग्य भूमि भएर मात्र पनि भएर पुग्दैन त्यसलाई खाद्य सुरक्षाको दृष्टिकोणबाट हेर्दा मिश्रित फार्मको कुरा धेरै ठाउँमा आउछ । हामीले त्यसलाई फेरी जोनिङ गरिदिँदा ल्याटिन अमेरिका तथा अफ्रिकातिर भएका मोनो कल्चरका समस्यालाई संयुक्तरूपमा ह्यान्डल गर्ने र त्यो पुरै कृषियोग्य रूपमा नष्ट (डिर्स्टोय) हुने किसानहरू नै मारमा पर्ने अवस्था आउन दिनु हुँदैन ।

जोनिँ भनेको विशेष दृष्टिकोण भएका क्षेत्रहरू कहाँ हुन् जस्तो खाद्य सुरक्षाको दृष्टिकोणले, हाम्रो अधिकार भनेको खाद्य सुरक्षा सुनिश्चित गर्ने र सरकारले पनि सहायता दिएर हाम्रो खाद्य सुरक्षा हुने क्षेत्रको बारेमा, सबै ठाउमा नसके पनि कहिँ न कहिँ त बोल्नुपर्ने होला यो ऐनले भन्ने लागेको छ । जस्तो भियतनाममा के देखिदो रहेछ भने, धान उत्पादन हुने क्षेत्रलाई त्यहाँ केही पनि चलाउन मिल्दैन सायद त्यहि कारणले नै अहिले उनीहरू धान उत्पादनमा अलग दक्ष भएको देशको रूपमा चिनाउदै अगाडी बढिरहेका छन् र अरु अरु हिसाबले पनि त्यसरी नै अगाडी छन् । कतिपय कुरामा वन मात्र भनेर हुदैन, उपक्षेत्रहरू बनाउनुपर्छ जस्तो लाग्दैन, त्यहि बीचमा त्यसको बफर क्षेत्रको कुरामा द्वन्द्व उत्पादन गर्छ त्यो विषयमा हामीले प्रष्ट पारेनौं भने, वनकै कुरामा पनि खुला क्षेत्र र पुरातात्विक र सांस्कृतिक पक्षको कुरा पनि सबै एकै ठाउँमा राखि दिएर मिल्दैन । अहिले त कुनै खेल्ने मैदानहरू, पार्कहरू नै छैन, त्यसकारण खुला क्षेत्रको कुरालाई पनि अलि फरक तरिकाले जोड दिनुपर्छ जस्तो लाग्छ ।

बाँझो राख्ने कुरामा मलाई कस्तो लाग्छ भने अहिले हेर्दाखेरी बाँझो राख्नेहरू एकखालको गैर हाजिरी जमिन्दारी पनि होला त्यो खण्डिकरण भइसकेको छ । त्योभन्दा पनि अहिले समस्या कस्तो छ भने यो बाँझो राख्ने काम कुरामा हामीले धेरै कर लगाउने कुरा वा धेरै निरुत्साहित गर्ने काम गऱ्यौ भने सानो सिमान्तकृत किसानहरूको फार्महरू भूमि अतिक्रमणमा जान सक्ने खतरा हुन्छ त्यो कुरामा ध्यान दिनु पर्छ किनभने उनीहरूको भू-स्वामित्व कसरी बचाएर त्यलाई व्यवसायिक गर्ने वा त्यसलाई लिजमा लिने कि के गर्ने, त्यहाँ धेरै राम्रा मोडलहरू पनि विकास भएका छन् हामीले त्यसलाई पनि अभ्यासमा ल्याएर ध्यान दिन पर्ने हो कि जस्तो लाग्छ ।

अर्को भू-उपयोग नीति बनाइरहदा सायद हामीले बढी आधार मान्ने भू-उपयोगको नक्सा गर्दा जिआइएसलाई नै हो त्यसले गर्दा धेरै कुराहरू एकसरो रूपमा समाधान हुन्छ ।

**दयासागर श्रेष्ठ, गैर सरकारी संस्था महासंघ, कार्यकारी निर्देशक**



यो जमिन भन्ने कुरा प्राकृतिक स्रोत मात्र रहेन, यो व्यक्तिको सम्पत्ति पनि हो त्यसैले यो कानुन बनाउँदै गर्दा, हामीले बनाएको कानुनले अहिले संविधानले जुन अधिकार दिएको छ, सम्पत्तिमाथिको अधिकार, त्यो कुरालाई कतिको दखल गर्छ त्यो कुराहरू पनि गम्भीरताका साथ विचार गर्नुपर्छ जस्तो लाग्छ ।

अर्को यो जमिनको विषयमा हामी धेरै कुरा गर्छौं भू-उपयोगको कुराहरू भूमि सुधारको कुराहरू धेरै कुराहरू भए, यो भू-उपयोग व्यवस्थापनको कुरा प्राविधिक विषय मात्र रहेन, यो एउटा राजनीतिक एजेण्डा पनि हो । त्यसैले यो विषयलाई अलिकति विचार पनि गर्नुपर्छ कि जस्तो लाग्यो । अब अलि बृहतरूपमा सरोकारवालाहरूलाई पनि छलफलमा ल्याउनुपर्छ कि भन्ने लाग्छ ।

अहिले पनि हामी परिवर्तित चरणमा नै छौं र अर्को, हामी “युनिटरी सिस्टमबाट फेडेरल सिस्टममा” गइराखेको अवस्था छ र अहिलेको यो वर्तमान अवस्थामा पूर्णरूपमा संविधान पनि लागु नभइसकेको अवस्था छ । चुनाव भएर पनि स्थानीय सरकारहरू बन्न नसकेको अवस्थाहरू छ । त्यसैले गर्दा यो अवस्थामा सबै तहमा सरकारहरू पुग्न नसकेको अवस्थामा यो कानुनलाई ल्याउन सान्दर्भिक छ कि छैन समय सापेक्ष हुन्छ कि हुँदैन भन्ने कुराहरू पनि विचार गर्नुपर्छ कि जस्तो लागेको छ । किनभने भूमिसम्बन्धी कुराहरूको अधिकार तिन वटै तहलाई दिइएको छ । अहिले हामी केन्द्र सरकारबाट यो कानुनलाई पास नै गर्दा खेरी भोली बन्ने प्रदेश सरकार र स्थानीय सरकारलाई यसले यो ऐनलाई चुनौती दिन्छ ।

त्यसैले अब हामी छलफल तथा बहस गर्नुपर्छ भू-उपयोग नीति तथा कानुन बन्ने कुराहरूमा विवाद् छैन यो बन्नु जरुरी पनि छ । त्यहि पनि यि कुराहरूलाई मध्यनजर राखेर अलि तल्लो तहबाट जानुपर्छ । हामी

एकैपल्ट माथिल्लो तहबाट जादा त्यो सफल हुँदैन किनभने संविधानका सबै धाराहरू पनि कार्यन्वयन हुँदैन सबै बनेका ऐन तथा कानुनहरू पनि कार्यन्वयन हुँदैन । भोली खतरा के हुन्छ भने हामीले बनाएका कानुनहरू फेरी अर्को कानुन थप्ने त होइन उपयोग नभएको अथवा उपयोगमा नआउने कार्यन्वयन नहुने त्यो कानुन बन्ने त होइन ? त्यो कुरालाई विचार गर्न पनि अनुरोध गर्दछु ।

**सुधा खड्का, हेल्भिटास, कार्यक्रम व्यवस्थापक**



कुनै कुनै दफालाई बढी महत्व दिइएको छ । कुनै अलि मौन छ । अनुमान के छ भने जमिन वर्गिकरण भयो । योजना पनि बन्यो । तर त्यसलाई कार्यन्वयनमा ल्याउन जोड दिनुपर्ने यो पछाडि परिरहेको
छ । यो ऐनमा कार्यान्वयनको पाटो र समुदायको सहभागिता प्रभावकारी तवरले समेटिएको छैन् ।

वर्गिकरणको कुरा पनि छोटो मिठो भन्नु भयो तर यो छोटोमिठो बनाउदा धेरै कुरा गाभियो र अलि अन्यौल भयो । जबसम्म यो वर्गिकरणको कुरामा स्पष्ट हुँदैन तबसम्म यो कार्यन्वयन हुन गाह्रो हुन्छ । कसैले पनि यो कुरा बुझ्दैन अनि कार्यन्वयन कसरी हुन्छ ?

नेपालको परिप्रेक्ष्य विशेष हुनुपर्छ, लगभग ५२ हजार हेक्टर यहाँ बगरको खेती गर्ने जग्गा छ, नदीको छेउछाउमा भनेपछि त्यसलाई सम्बोधन हुने गरी वर्गिकृत हुनपर्छ ।

अर्को एउटा अलि विशेष १२ नम्बरमा छ, कसैको घर छ भने त्यसलाई साविककै रूपमा राख्ने जुनसुकै वर्गिकरणमा भए पनि भनेर भनियो त्यसपछि फेरी कर प्रणाली लागु भएपछि के हुन्छ भने अहिले कृषि क्षेत्र छ तर घर भए पनि त्यहिँ नै रहने त्यसलाई घर क्षेत्रमा परिवर्तन नगर्ने भने पछि कृषिकै करअनुसार तिरी राखेको हुन्छ जुन सहुलियत छ र उल्लेख पनि गरिएको छ सहुलियतमा पाउने भनेर । भनेपछि हामी अलि चनाखो नै हुन्छौं नेपालीहरू, धेरै यहाँ नेर के देखियो भने यो कुरालाई हामीले कसरी सम्बोधन गर्ने भनेर अलि विशेष तरिकाले पाइएन ।

**गणेश शाह, नेकपा समिति, अध्यक्ष**

पहिलो कुरा त यो वर्गिकरण अलि नमिलेको जस्तो लाग्यो । वर्गिकरणसँग भूमिको स्वामित्वको सवाललाई सम्बोधन गरिनुपर्छ । कसैको सामूहिक सम्पत्ति हो भने त्यहिअनुसारको हुन्छ । व्यक्तिगत सम्पत्ति हो भने त्यहि किसिमको हुन्छ र राज्यको हो भने त्यहि किसिमको हुन्छ । त्यसैले वर्गिकरण सँगसँगै स्वामित्व, जस्तै केही चिज यस्तो हुनुपर्छ जस्तो फरक मोडलमा फरक किसिमको स्वामित्वहरू छ । दिल्लीमा एक किसिमको छ ।




पटनामा एक किसिमको छ, जुन सहरी दृष्टिकोणबाट आइराखेको छ जुन कुरा अघि उठाउनुभयो त्यसैले त्यसलाई स्वामित्वको कोणबाट वर्गिकरण हेरिनुपर्छ जस्तो मलाई लागेको छ ।

हामीले यो चिज सम्बोधन नगरेको हुनाले भू-माफिया, जल-माफिया र वन-माफिया यी तीन माफिया त झन् बढ्ने हुन् । अहिले नै तिनीहरूले राज्य सञ्चालनमा हेर्ने तथा नीति नियममा काम गर्छन् भने त्यसैले हामी यो माफिया या अरु द्वन्द्वलाई रोक्नको लागी गर्ने हो भने पहिला स्वामित्वको बारेमा अलि विचार गर्नुपर्छ ।

दोस्रो भू-उपयोग नीति अन्य धेरै नीति नियम तथा कानुनहरूसँग पनि सम्बन्धित छ । अघि पनि कुरा उठ्यो वातावरणीय मात्र हो की यसलाई त मैले धेरै नै इकोलोजीकल भन्छु । यो विषयलाई पनि ध्यान दिन आवश्यक छ । यसलाई अरु धेरै नीति नियम तथा कानुनहरूसँगै हेरिनुपर्छ । किनभने यसले वातावरणीय, जल उपयोगको तथा वन उपयोगको जस्ता विषयहरूसँग छ । त्यसैले यो दृष्टिकोणबाट पनि अलि विज्ञहरू राखेर हेर्नुपर्छ ।



**झलक सुवेदी, लेखक**

यो पछिल्लो परिमार्जनले यो भूमि उपयोग गर्ने जनताहरू, नागरिक, किसानहरू अथवा त्यहाँ बसोबास गर्ने प्रतिभन्दा पनि जग्गा प्रति भूमि प्रति बढी चासो राखेको प्रशासनमुखी अवधारणाबाट आयो । यसले हाम्रो परिप्रेक्ष्यमा राजनीतिक हिसाबले भूमिसम्बन्धी, अरु जसरी उठीराखेका छन् त्यसरी यसलाई प्रतिविम्वित गर्दैन भन्ने लागेको छ । अघिल्लो मस्यौदा भन्दा अलि पछि फर्केर (रिग्रेसिभ) यो मस्यौदा आएको छ ।

सामुदायिक आत्मनिर्भर केन्द्र, भूमि अधिकार मञ्चका साथीहरूसँगको बढी छलफलको आधारमा मैले के सोची राखेको थिएँ भने अहिले भूमि ऐन आइसकेपछि हामी कहाँको भूमिको उत्पादनशिलता, यसको इकोलोजिकल तथा वातावरणीय पक्ष यो सबै कुरा सँगसँगै यसले भू-स्वामित्व तथा भूमि वितरणको ढाँचाबाट सामाजिक न्याय स्थापित गर्ने बाटो ल्यायोस् भन्ने सोची राखेको थिएँ । तीन दिन अगाडी मात्र भूमि अधिकार मञ्चको साथीहरू र म यो भूमि सुधार मन्त्री राप्रपाको भएको हुनाले त्यहाँ लविङ गरेर यसलाई सकारात्मक तरिकाले केही गराउन सकिन्छ कि भनेर महामन्त्री समक्ष पुगेका थियौं । मैले अघिल्लो मस्यौदाका आधारमा उहाँलाई यहाँ यस्तो यस्तो व्यवस्था छ यसो गऱ्यो भने भू-स्वामित्व, भूमिहीनहरू, जग्गा कम भएका अथवा लालपुर्जा भएका जग्गामा बस्न नपाइरहेका मान्छेहरू जो छन् तिनीहरूको पक्षमा जान्छ कि भनेर हामीले कुराकानी पनि गरेका थियौं । आज आएर हेर्दा त्यो पाटो यो मस्यौदाले पूर्णरूपमा वेवास्ता गरेका छ । यसले हाम्रो राजनीतिक क्षेत्रका सांसद्ले पारित गर्नुपर्ने भएकोले सांसद्मा जादा वा राजनीतिज्ञ अगुवाले यसलाई हेर्ने दृष्टिकोणको प्रतिविम्व यसमा छैन भन्ने मलाई लाग्यो ।

त्यसैले यो मौलिकरूपमा यो सुधार तथा परिमार्जन गरिनुपर्छ । परिमार्जित भएर आइसकेपछि यि आधारभूत कुराहरूलाई सम्बोधन गर्न जरुरी छ भन्ने लागेको छ ।

यसको प्रस्तावनामा स्रोतबाट प्राप्त हुने लाभको न्यायोचित वितरण हुनसक्ने अवस्थाको सिर्जना भनेर उल्लेख गरिएको छ तलतिर भएका व्यवस्थाले कहिँ पनि यसलाई प्रतिविम्वित गर्दैन । त्यसैकारणले यसलाई अलि फरक ढङ्गले पुनर्लेखन गर्नुपर्छ भन्ने लागेको छ । यो गर्नका लागि वर्गिकरणलाई पनि छुट्याउने र छुट्याउने क्रममा वर्गको कुरा आउने गरी छुट्याउने कुरा पनि महत्वको हो । वर्गिकरणमा होइन तर यसको सिद्वान्त र केहि व्यवस्थापनमा कुनै न कुनै धारामा गएर भूमिहीनहरू जग्गामा स्वामित्व नभएका तर किसानहरू अथवा आवासको अधिकारको सुनिश्चितको लागि सहरभन्दा बाहिरको हकमा जो गाउँको किसान हो र उसको स्वामित्वको अधिकार र कम से कम घडेरीमाथिको स्वामित्वको अधिकार सुनिश्चित गर्ने जिम्मेवारी राज्यले लिनुपर्छ र भूमिको वितरणसँग सम्बन्धित प्रश्नलाई त्यसरी समाधान गरिनुपर्छ । अहिले त संविधानले दलितहरूको हकमा आवास अधिकार दिने गरी जमिन दिने भनेर उल्लेख पनि गरिरहेको सन्दर्भमा त्यसलाई यसले सम्बोधन गर्नैपर्छ होला ।

प्राविधिक कुरा मात्र गर्नुपर्दा ५ को ३ मा प्रादेशिक सरकार र स्थानीय सरकार भन्ने छ । प्राविधिकरूपमा पछि व्यवस्था हुन्छ कि हुँदैन तर संविधानले स्वायत्त क्षेत्र र स्वशासित क्षेत्र भनेर व्यवस्था गरेको हुनाले यसलाई पनि प्रत्याजित हुने खालको व्यवस्था यसमा टिपोट गरेरै राख्नुपर्छ होला ।

अर्को कुरा १२ को २ मा जुनसुकै कुरा लेखिएको भएता पनि बसोबास गर्दै आएको जग्गा अर्को वर्गमा परेमा साविक बमोजिम बसोबास गर्न दिन सकिनेछ तर पूर्वाधारहरू थप वा विस्तार गरिने छैन भनिएको छ । यो कुरामा मलाई के लागेको छ भने त्यहि क्षेत्रका बासिन्दाको जमिन सम्पत्तिमा रूपान्तरण हुने हाम्रो जुन परम्परा हो यसलाई यो कुराले निषेध गर्छ । जग्गा बेच्यो भने त्यहाँ त कोही पनि किन्न जादैन अनि त्यो मान्छे बसोबास गरुन्जेल पनि असुविधाजनक ढङ्गले बसोबास गर्ने वा बेदखल हुने भयो त्यस्तोलाई क्षतिपूर्तिसहित स्थानान्तरणको व्यवस्था उल्लेख गरिनै पर्छ भन्ने लागेको छ ।

अनि १२ को ३ मा जग्गा विकसित गरी घडेरी बिक्री वितरण गर्ने भन्ने जुन प्रसङ्ग छ यसले पूर्णरूपमा भूमिलाई बजारको मातहत हाम्रो नीति बजारमुखी नीति अथवा बजारलाई प्रोत्साहन गर्ने नीति तिर गएको देखिन्छ ।



**रश क्लार्क, कानुनी सल्लाहकार, अक्सफाम**

अक्सफाम यहाँ भएको छलफलसँग सहमत छ । भू-उपयोगमा आउनुपर्ने महत्वपूर्ण कुराहरू जस्तैः तल्लो तहदेखि माथिल्लो तहसम्म (बटम-अप अर्पोच, लचिलो तथा सहभागितामुलक जसले सामाजिक न्यायलाई समेटेर भूमिहीन किसानसँग काम गर्ने आवश्यकता जनाउँछ यि कुराहरूमा विषेश ध्यान दिनुपर्ने कुरा यो कार्यक्रमले अगाडि ल्याएको छ । अर्को महत्वपूर्ण कुरा कार्यन्वयनमा

चुनौती र यो ऐन अति नै कर्मचारीतन्त्र, माथिल्लो तहदेखि तल्लो तहसम्म भएको सुहाउँदो भएन ।

अक्सफामले अरु देशमा गरेको अनुभवको सान्र्दभिकता भन्नुपर्दा हामीले पनि तल्लो तहबाट काम गर्नुपर्ने आवश्यकता देखेका छौँ । र, भूमि ऐनमा सर्वसाधारणहरूको आवाज पनि समेटिनु जरुरी छ । यो गरेको खण्डमा समुदायले आफ्नो क्षेत्रमा भएका स्रोतको पहिचान गरी त्यसलाई कसरी प्रयोगमा ल्याउने भन्ने कुरा र कार्यन्वयनको कुराहरूमा पनि आफैँ अग्रसर हुन्छन् । यसरी भू-उपयोग ऐन बनाउने प्रक्रिया माथिल्लो तहबाट आदेश आएको भन्दा अझ बढी सशक्त हुन्छ । यो सहभागितामुलक प्रक्रिया हामीले देख्न चाहन्छौँ । साथसाथै यो प्रक्रियालाई व्यवहारिक बनाउनको लागि भू-स्वामित्वमा सामुदायिक प्रकारको वर्गिकरण पनि हुन जरुरी छ । जसले समुदाय र सर्वसाधारणलाई अग्रपङ्तीमा ल्याउन सहयोग गर्छ । यसले समुदायलाई फाइदा गर्नुका साथै भू-व्यवस्थापनमा पनि टेवा पुऱ्याउँछ, विषेशगरी बाँझो जग्गा, खाली जग्गा, भूमिहीन किसानका विषयहरूलाई प्रभावकारीरूपमा सम्बोधन गर्छ ।

**जगत बस्नेत, सामुदायिक आत्मनिर्भर केन्द्र, संस्थागत विकास सल्लाहकार**



भू-उपयोग ऐन बनाउँदा कम्तिमा भूमि सुधार मन्त्रालय, कृषि मन्त्रालय र वन मन्त्रालय मिलेर काम गर्नुपर्ने हो । तपाईंले भनेको कुरा वनले मान्दै मान्दैन । जुन कुरा हामीले यहाँ खाद्य सुरक्षाको कुरा गरिराखेका छौँ । कृषिले त्यो कुराको स्वामित्व नै लिएन भने लागु गर्ने कुरामा एउटा मात्र मन्त्रालयले केही गर्नै सक्दैन । अरु देशहरूमा प्राकृतिक स्रोत भनेर हुन्छ एउटै मन्त्रालयले बनाउँछ, तर हाम्रो यहाँ मन्त्रालय टुक्रिएको छ त्यसैले गर्दा यदि समग्ररूपमा लिएर आएको भए यसले काम गर्न सक्थ्यो तर यहाँ त एउटाले भनेको कुरा अर्कोले मान्दैन । कार्यान्वयन गर्ने समयमा समस्या आउँछ ।

दोस्रो, यहाँ खाद्यको कुरा पनि आएको हुनाले, भू-उपयोग नीति कसरी जानुपर्छ होला, हाम्रो देशको अबको कृषि प्रणाली कस्तो ? पारिवारिक खेती हो अथवा व्यवसायिक खेती हो अथवा कर्पोरेट खेती हो त्यसको आधारमा तपाईंले भू-उपयोगको कुरालाई विकास गर्न सक्नुहुन्छ । राजाराम सरले भन्नुभएको जस्तो त्यो फेरबदल होला तर अहिले तपाईंले दिनुपर्ने नैतिकता के हो भन्ने खालको कुरालाई मध्यनजर गर्नुभयो मात्रै अनि यो खाद्य सुरक्षामा तपाईंले सहयोग पुऱ्याउन सक्नुहुन्छ । नत्र तपाईंले लिएर आएको कुराले यो पारिवारिक खेती पूर्णरूपमा हराएर जान्छ । यसबाट साना किसानहरू सबै त्यसबाट बाहिरिर जान्छन् र बाँकी रहने भनेको कर्पोरेट खेती मात्र हो ।

तेस्रो कुरा, मैले अन्य देशको पनि अनुभव हेर्दा जस्तैः फिलिपिन्स अरु देशहरूको अनुभव हेर्दा केन्द्रीय सरकारले कुनकुन जग्गा राख्ने त्यसपछि प्रान्तिय सरकारले कुनकुन जग्गा राख्ने त्यो उसको निगरानी भित्र राख्ने अरु सबै स्थानीय सरकारलाई दिनुपर्छ अनि मात्र तपाईंले संरक्षण गर्न सक्नुहुन्छ नत्र त्यसको स्वामित्व पनि रहँदैन

अरु कुरा पनि रहँदैन । त्यसकारण त्यसको संरक्षण गर्ने जिम्मा तल्लो वर्गलाई दिनु हुन्न सबै कुरा माथिल्लो तहबाट मात्र गरेर हुँदैन ।

अर्को हाम्रो देश भनेको भौगोलिक हिसावले विविधता भएको देश, सगरमाथाको कुरा त्यसमा पनि अहिले पर्यटनको कुरा आयो त्यसको प्रयोगको कुरा र तराइको कुरा फरक कुरा होला । त्यसकारण डुवान हुने क्षेत्रको एउटा प्रयोगको कुरा होला, खडेरी हुने क्षेत्रको अर्को प्रयोगको कुरा होला, त्यसै गरी हिउँ पर्ने क्षेत्रको प्रयोगको कुरा फरक होला । त्यसकारण त्यो कुरालाई सम्बोधन गर्न पनि यो केन्द्रमा बनाउने यस्ता ठूला-ठूला संरचनाले अथवा माथिको संरचनाले काम गर्दैन त्यसकारण स्थानीयलाई नै दिनुपर्छ ।

खाली राज्यको मात्र जमिन भनेर बस्नुभयो, सामुदायिक तथा सामूहिक भूमिको संरक्षणको कुरा यहाँ आएन, सबै राज्यले नियन्त्रण गर्नुपर्छ भन्ने हिसाबले भूमि प्रशासनको कुराले मात्र नियन्त्रण गऱ्यो । तर यसले के गर्नुपर्ने थियो भने धेरै जनतालाई यसले जिम्मेवारी दिने कुराहरू, उनीहरूले स्पष्ट पार्ने कुराहरू र हिजोको आइएलओ १६९ को कुरा पनि आयो त्यसलाई जोड्ने कुराहरू र जमिनको संरक्षण हामी गर्नुपर्छ भन्ने जनताको सहभागितामुलक भू-उपयोग हो त्यो नगरीकन इम्पोज खालको मोडलमा जाने देखिन्छ ।

**मोहनमान सैंजु, आइआइपिएस, अध्यक्ष**



करिव ३ घण्टा जति यो छलफलमा लगायौँ । यो छलफल अति नै लाभदायि भएको छ । मस्यौदासम्बन्धी भूमि सुधार मन्त्रालयको सचिव ज्यु र उहाँको समूहले जुन मेहनत गर्नुभएको छ त्यो सह्रानिय छ । हाम्रो मुख्य समस्या कहाँनेर छ भन्दा नीतिले वर्तमानमा भएका सवालहरूलाई समेट्दै जान सक्नुपर्छ जहाँ ठूलो ग्याप छ । भू-उपयोग जस्तो सवालमा समुदायको अधिकत्तम सहभागिता हुनुपर्ने यो कुरालाई हामीले अवलम्बन गरेर जानुपर्छ ।

हामीले भू-उपयोग योजनाको कुरा गर्दा भू-उपयोग अभ्यासको कुरा गर्दा विज्ञानको कुरा गरिराखेका छौँ, त्यो वैज्ञानिक विकास आज कता तिर छ । त्यो वैज्ञानिक विकासले दिगो विकासको उद्देश्यलाई कसरी पुरा गर्छ र वैज्ञानिक विकासको साथसाथै हामीले प्रस्तावनामा जुन मुख्य उद्देश्य राखेका छौँ । त्यो उद्देश्यको सम्बन्ध के हो भन्ने कुरा आउनु जरुरी हुन्छ । अहिलेको यो मस्यौदामा विभिन्न अभ्यासहरू भएर सुधारिएर आएको भएता पनि यो ग्याप हामीले देखिराखेका छौँ । त्यसैले यो ग्यापलाई हामीले साँघुरो बनाउन सकेनौँ भने अवश्य पनि हाम्रो परिणाम उपर्युक्त तथा सापेक्ष हुन गाह्रो हुन्छ ।

दोस्रो पक्ष कार्यन्वयन नै मुख्य हो, विषेशगरी भू-उपयोग योजना, अभ्यास तथा भू-उपयोग कानुनमा कार्यन्वयन नै सबभन्दा ठूलो कुरा हो । अहिलेको यो वर्तमान मस्यौदामा कता कता त्यो कुरा बाहिरिएको छ । उदाहरणका रूपमा भन्नुपर्दा भू-उपयोग नीतिको लागि एउटा विभाग खडा गर्न सकिने छ भन्ने शब्दले टुङ्गिएको छ जब कि भू-उपयोग योजनालाई सहि अर्थमा कार्यन्वयनमा ल्याउने हो भने आधुनिक संरचनालाई

पनि हामीले अपनाएर लैजानुपर्छ । त्यो भनेको मालपोत अड्डा होइन, मालपोतमा जाने प्रक्रियालाई हामीले मस्यौदामा समावेश गरेका छौ । सफलताको बाटोमा जान सक्दैन त्यसैले मस्यौदामा हामीले त्यो विचार गर्नुपर्छ । हाम्रो कार्यन्वयन प्रणालीलाई कसरी समुदायले प्रतिक्रिया गर्छ, तल्लो तहबाट माथिल्लो तहसम्म जाने प्रक्रियामा आएको हुनपर्छ ।

अन्तिममा, छलफलको रूपमा एउटा सूची आयो, त्यो गरिबी निवारणसँग यसको सम्बन्ध छ । प्रस्तावनामा पनि हामीले यो कुरा भनेका छौ, हामीले धेरै उत्पादनको कुरा पनि गरेका छौ त्यहि कुरासँग पनि सम्बन्धित थियो तर त्यसको मतलब आधुनिकीकरणको कुरालाई हामीले त्यत्तिकै महत्व पनि दिनुपर्ने थियो । यो गरिबी निवारणको कुरा वैचारिक तवरले ग्रहण गरेको जस्तो देखिने तर त्यसको पाटो हेरेर गयो भने कुनै पनि तत्व तथा नीतिलाई उजागर गर्ने कुरा देखिने गरी उल्लेख गरेको पाइएन त्यतातिर पनि हाम्रो ध्यान जानुपर्छ भन्ने मलाई लागेको छ । त्यसैले मेरो विचारमा यो राम्रो अभ्यास भएको छ यसमा सङ्लग्न सबै धन्यवाद्को पात्र हुनुहुन्छ । अब यसलाई यो प्रक्रियाबाट अलि अनौपचारिक तवरबाट छलफल तथा अन्तरक्रिया गर्ने तिर अलि जोड दिन सक्यौ भने मलाई लाग्छ हाम्रो उद्देश्य नजिक पुग्न सक्छौ ।

**गोपाल गिरी, भूमिसुधार तथा व्यवस्थापन विभाग,उपसचिव**



यहाँ छुटेको जमिन, नदी किनारको जमिनको उपयोगको कुरा, परिभाषालाई ऐनमा राख्न हुँदैन भन्ने कुरा, नियन्त्रण होइन नियमन हुनुपर्छ भन्ने कुरा, भूमि न्यायधिकरण बनाएर भूमिका सबै विषयहरूलाई समेट्नुपर्छ भू-उपयोग मात्र होइन भन्ने कुरा र प्रस्तावनामा हामी सन्तुष्ट छैनौ । यो प्रस्तावना वास्तवमा कुनै पनि ऐन कार्यन्वयन गर्दा खेरी ऐनमा कुनै दफाले त्यसलाई समेट्न सकेन त्यसको निर्णय गर्न कुनै दफा प्रयाप्त भएन भने प्रस्तावनाको आशयबाट निराकरण गरिन्छ । त्यो त्यति प्रभावकारी र त्यो सबै भन्दा ठूलो दफा नै त्यहि हो, हुन त त्यसलाई दफा भनिदैँन त्यसमा हामी सहमत छौँ यसलाई हामी सुधार गर्छौ । यो बनाउँदा म केबाट निर्देशित छु भने भूमिलाई पहिला उत्पादनको रूपमा लिइन्थ्यो तर अहिलेको अभिलेखहरू हेर्दा धेरै जसो फ्याक्टर अफ कमोडिटी भइसक्यो । उत्पादनभन्दा वस्तुगत तर्फ उन्मुख भएको छ त्यसलाई हामी अलिकति नियन्त्रणमुखी नै भएका हौँ । राज्यकै भूमि भन्नेमा हामी छौँ व्यक्तिको होइन भन्नेमा हामी दृढ छौँ र यो भू-उपयोग नीतिमा पनि भूमि राज्यकै हो भनेका छौँ र मानिस पनि त राज्यकै हुन् त्यसमा विवाद् गर्ने हो भने लामो हुन्छ ।

अन्तिममा यो वर्गिकरणको कुरामा समुदाय राख्यो भने राम्रो हुन्छ भन्ने कुरा आयो र अन्तमा वन, खनिज अथवा कृषि तथा सामुदायिक क्षेत्रभन्दा खेरी त्यो मिल्दोजुल्दो हुन्छ कि हुँदैन ? सार्वजनिक भनेकै सामुदायिक हो कि अथवा के हो ? यो नया कुरा हो यसलाई पनि हामी विचार गर्छौ र अब आउने ऐन प्रगतीशील नै हुन्छ ।